मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

तह: बी.एड. / चौथो सेमेस्टर — पूर्णाङ्क : ६०

समय: ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषय:** आधुनिक नेपाली नाटक र एकाङ्की (नेपा.शि.३४६)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शव्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'** — ६×५=३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. नाटक र एकाङ्कीको सैद्धान्तिक परिचय दिदै यी दुई बिचको समानता र भिन्नता देखाउनहोस् ।

२. प्रसङ्गसहित व्याख्या गर्नुहोस् ।
"हेर्नुहोस् तपाईं जस्तो इमान्दार कर्मचारीलाई बोर्डले ठूलो अन्याय गरेको छ भन्ने मलाई थाहा छ तर के गर्ने, मेरो हातमा केही छैन ।"

३. एकाङ्कीकार मोहनराज शर्माका प्रमुख प्रवृत्ति उल्लेख गर्दै 'अब बाँभ्रो हुन्न' एकाङ्कीको उदेश्य प्रष्ट्यानुहोस् ।

**अथवा**

भीमनिधि तिवारीको परिचयसहित 'भावना' एकाङ्कीको उद्देश्यगत अभिप्राय माथि प्रकाश पार्नुहोस् ।

४. कथानक र शीर्षक सार्थकताका दृष्टिले 'अब बाँभ्रो हुन्न' एकाङ्कीको विश्लेषण गर्नुहोस् ।

५. आधुनिक नेपाली नाटकका उत्तरवर्ती प्रवृत्तिहरू उल्लेख गर्नुहोस् ।

६. युगको शिकार' एकाङ्कीमा समाजका के कस्ता विकृतिप्रति व्यङ्ग्य गरिएको छ ? कथानकका आधारवाट यसले दिन खोजेको सन्देश बारे चर्चा गर्नुहोस् ।

**अथवा**

'गङ्गालालको चिता' एकाङ्कीलाई परिवेश र भाषाशैलीका आधारवाट विश्लेषण गर्नुहोस् ।

**समूह 'ग'** — २×१० = २०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७ नाटककार बालकृष्ण समका प्रमुख नाट्य प्रवृत्ति उल्लेख गर्दै 'मुटुको व्यथा' नाटकका प्रमुख पात्रहरूको चरित्र चित्रण गर्नुहोस् ।

८. 'बाँसुरीमा नअटाएका धुनहरू' नाटकलाई नाट्यतत्वका आधारबाट विश्लेषण गर्नुहोस् ।

**अथवा**

नाटककार विजय मल्लको परिचय र नाट्य प्रवृत्ति उल्लेख गर्दै 'स्मृतिको पर्खालभित्र' नाटकमा अभिव्यक्त दृष्टिकोण खुलस्त पार्नुहोस् ।

**समाप्त**